**<u>प्रस्ताव (कार्यपालिका बैठक नं. ६७, मिति २०७६।०६।१६, बिहिबार)</u>**

१. वडा स्तरीय मर्मत सम्भार कोषबाट खर्च हुने रकममा लागत सहभागिता सम्वन्धमा।
२. पतन्जली योग समिति दाङ्गको पत्र सम्वन्धमा ।
३. बालहित प्रा.वि. सैघालाई अनुदान दिने सम्बन्धमा।
४. तलब वृद्धि सम्वन्धमा।
५. घर नक्सा सम्बन्धमा ।
६. शुभकामना सन्देश सम्बन्धमा ।
७. भुक्तानी सम्वन्धमा।
८. लागत सहभागितामा आयोजनाहरुको सूचना प्रकाशन सम्वन्धमा ।
९. श्रद्धान्जली सम्बन्धमा ।

**निर्णय न. १ः**

घोराही उपमहानगरपालिका को आ .व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडास्तरीय मर्मत सम्भार कोषबाट मर्मत सम्भार सम्वन्धी कार्य गर्दा सानो परिमाणमा विभीन्न स्थानमा छरिएर रहेका योजनाहरुमा कार्य गर्नुपर्ने र कार्य प्रकृति अनुसार प्रत्येक कामका लागि लागत सहभागिता जुटाउन हालसम्मको अनुभवले असम्भव देखिएको र लागत सहभागिता नजुटेकै करणबाट काममा विलम्ब हुन गइ क्षतिग्रस्त योजनाहरुमा थप क्षति हुँदै जाँदा लागत मा समेत वृद्धि हुने देखिएकोले वडास्तरीय मर्मत सम्भार कोषमा विनियोजन भएको रकम बाट मर्मत सम्भार सम्वन्धी कार्य गर्दा लागत सहभागिता नलिने।

**निर्णय नं. २ः**

पतंजली योग समिति ५ नं. प्रदेश दाङको मिति २०७६/०६/१० को प्राप्त पत्र अनुसार घोराही नगर विकास समिति दाङ र पतंजली योग समिति ५ नं . प्रदेश वीच मासिक रु ५१००|०० (अक्षरुपि पाँच हजार एक सय रुपिया मात्र) मा सम्झौता गरि नगर विकास समितिको जग्गामा पतंजली योग हल निमार्ण भई संचालन गर्दै आएको र सुरुको ३ महिना सम्म सम्झौता अनुसार भाडा भुक्तानी भएको र सो पश्चात समितिको आन्तरिक आय श्रोत नभएका कारण २०७६ असार मसान्त सम्मको रु १,८३,६००|०० (अक्षरुपि एक लाख त्रियासी हजार छ सय मात्र) भाडा बाँकी बक्यौता भएकोले योग समिति नियमित संचालनका लागि उपर्युक्त रकम बराबर सहयोग गरिदिनु हुन भनि माग भै आएको र योग समितिको नियमित कार्यक्रम बाट नागरिकको स्वास्थ्यमा समेत सकारात्मक प्रभाव परेको देखिएकोले उपर्युक्त रकम अनुदान सहयोग दिने।

**निर्णय नं. ३:**

घोराही उपमहानगरपालिका वडा नं . १९, पटिन्जा स्थित श्री बालहित प्रा .वि.मा १ जना करार शिक्षक नियुक्ति गरि पठन पठान गर्न गराउन भनि आ .व. ०७४/०७५ मा जिल्ला समन्वय इकाईबाट अनुदान रकम प्राप्त भएको र आ.व. २०७६/०७७ देखि अनुदान प्राप्त नहुने भनि पत्र आएको हुँदा आ.व. २०७६/०७७ मा साउन र भदौ महिनाको पठन पाठन कार्य गरे वापत को पारिश्रमिक रकम रु ४६ ,३४०|०० (छयालीस हजार तीन सय चालिस मात्र) श्री बालहित प्रा.वि. लाई उपलब्ध गराउने र असोज महिना देखि अनुदान दरवन्दी हटाउने |

**निर्णय नं. ४ :**

घोराही उपमहा नगरपालिका वडा नं . १६ मा रहेको वातावरणीय प्रा .वि.मामहेशचौधरीले वि.स.२०६२ साल देखि न्युनतम पारिश्रमिक लिई करार सम्झौता मापठन पाठन गराउदै आएको हुँदा मिति २०७६/०४/०१ देखि लागु हुने गरि रु १६०००|०० (अक्षरुपि सोह्र हजार मात्र) पारिश्रमिक दिने गरि करार सम्झौता गर्ने।

**निर्णय नं. ५ :**

घोराही उपमहा नगरपालिका भित्र 'भवन निर्माण संहिता २०७२' अनुसार स्वीकृत मापदण्ड बमोजिम भौतिक संरचना (घर, भवन) निर्माण गर्न अनुमति प्राप्त गरेका घर धनिहरुबाट तोकिएको म्यादभित्र घर, भवन निर्माण गरि, निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकेका र सम्पन्न नभएकाको सन्दर्भमा समेत विविध कारण बश म्याद भित म्याद थप गराउन नसकेका घर धनिहरुले म्याद भुक्तानभएपश्चात निर्माण सम्पन्न प्रमाण पत्र माग गर्दा वा म्याद थपका लागि निवेदन दिँदा प्रारम्भिक चरण बाटै नक्शा पासको प्रक्रिया मा जानु पर्ने हालको प्रावधानको अन्त गर्दै तोकिएकै मापदण्ड बमोजिम घर निर्माण भएको भए घर निर्माण सम्पन्न भएको मिति देखि सम्पन्न कागजात मागेको अवधि सम्म नियमानुसार लाग्ने शुल्क र जरिवाना लिई निर्माण सम्पन्न प्रमाण पत्र दिने र निर्माण सम्पन्न नभएको र म्याद थपका लागि निवेदन दिएका साविककै नक्शा अनुसार निर्माण कार्य अगाडी बढाउने भएमा नियमानुसार लाग्ने जरिवाना र शुल्क लिई कार्य अगाडी बढाउने ।

**निर्णय नं. ६ः**

नेपालीहरुकोमहान्चाडविजया दशमी   २०७६को उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै चाडपर्वलाई सभ्य र मर्यादित रुपमा मनाउन चाड पर्वको अवसर पारी गरिने जुवातास तथा अन्य विकृति जन्य गतिविधिहरुलाई नियन्त्रण गर्न नगरवासी लगायत सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्ने।

**निर्णय नं. ७ः**

कार्यालय परिसर भित्रको बगैचा, सडक, गाडी पार्किङ आदि क्षेत्रको व्यवस्थापनको लागि तत्काल कार्य गर्नुपर्ने भएकोले निर्माण व्यवसायी मार्फत कार्य अगाडि बढाई कार्य सम्पन्न भएका उपर्युक्त निर्माण कार्यको प्राविधिक मुल्यांकन गरि भुक्तानी दिने।

**निर्णय नं. ८ः**

चालु आ.व. ०७६/०७७ मा लागत सहभागिता बाट संचालन हुने आयोजना का लागि आ .व. ०७६/०७७ को वार्षिक कार्यक्रममा रकम विनियोजन गर्न छु ट भएको हुँदा संचित कोष बाट व्ययभार हुने गरि लागत सहभागिताबाट संचालन हुने आयोजना छनौट गर्न सूचना प्रकाशन गर्ने।

**निर्णय नं. ९ः**

घोराहीउपमहानगरपालिका वडानं ६का वडाअध्यक्ष एवं नगरकार्यपालिकाका सदस्य श्री रेवबहादुर बुढाथोकीकी ममतामयी आमा श्री भुमा देवी बुढाथोकीको ८८ वर्षको उमेर मिति २०७६।६।१२ गते भएको निधन प्रति गहिरो शोक प्रकट सहित दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गरियो।